**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस ९ गते बुधबार ❑ 24 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## निर्वाचन सफल बनाउने विषयमा मुख्य दल र सरकारबीच समझदारी

**रासस**
काठमाडौं, ८ पुस

आगामी फागुन २१ गतेको निर्वाचन सम्पन्न गर्नका लागि वातावरण बनाउने विषयमा सरकार र प्रमुख दलबीच समझदारी भएको छ।

राष्ट्रपति भवन शीतल निवासमा मङ्गलबार अपराह्न प्रधानमन्त्री सुशीला कार्कीसहित नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक एवम् पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल' प्रचण्ड'सँगको छलफलमा यस्तो समझदारी जुटेको हो।



राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार चुनावको वातावरण बनाउन विस्तृत छलफल बालुवाटारमा गर्ने समझदारी पनि बनेको छ।

"देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषण भएको हो, यो गाम्भीर्यलाई ध्यानमा राखेर निर्वाचन सफल बनाउनेतर्फ लाग्नु हामी सबैको दायित्व हो", राष्ट्रपति रामचन्द्र पौडेलले छलफलमा बताउनुभएको प्रेस सल्लहकार पोखरेलले भन्नुभयो। राष्ट्रपति पौडेलले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताउँदै आगामी फागुन २१ गतेका लागि निर्धारण भएको प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन प्रधानमन्त्रीसहित मुख्य तीन राजनीतिक दलका शीर्ष नेताहरूलाई आग्रह गर्नुभएको थियो।

## पोखरा महानगरले मुख्य सडक क्षेत्रवरपरका 'वर्कसप' हटाउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

पोखरा महानगरपालिकाले मुख्य सडक किनारमा रहेका वर्कसप, ग्यारेजलगायत संरचना हटाउने भएको छ। यसका लागि महानगरले सूचना प्रकाशित गरी ३५ दिनको समय दिएको छ।

महानगरभित्र पर्ने राजमार्ग क्षेत्र र नगर क्षेत्रका प्रमुख सडकका वर्कसप र कवाडी सङ्कलन केन्द्रहरूलाई हटाउने तयारी सुरु गरिएको हो। पृथ्वी राजमार्गको पोखराको प्रवेशद्धार कोत्रेदेखि सेतीपुलसम्म, सिद्धार्थ राजमार्गको छोरेपाटनदेखि पृथ्वीचोकसम्म र पोखरा बाग्लुङ राजमार्गको जिरोकिमीदेखि फेदीसम्मका सडकका दायाँका वर्कसप हटाउनका लागि महानगरले सूचना प्रकाशित गरी ३५ दिनको समय दिएको छ।

त्यसैगरी, नगर क्षेत्रका प्रमुख सडकको दायाँबायाँका सटर तथा खाली जमिनमा सञ्चालन भइरहेका कवाडी सङ्कलन केन्द्र, वर्कसप, कारवास तथा ग्रिल उद्योगका कारण सवारी आवागमनमा कठिनाइ भएको, सहरी सौन्दर्यमा खलल पुगेको महानगरले जनाएको छ। "यस्ता उद्यमबाट महानगरको वातावरणीय स्वच्छता कायम गर्न प्रतिकूल प्रभाव परेकाले यस्ता उद्योग अन्यत्र व्यवस्थापनका लागि सूचना गरिएको हो", महानगर प्रमुख धनराज आचार्यले भन्नुभयो।

यस्तै, महानगरले तोकिएका क्षेत्रमा सञ्चालनमा रहेका हार्डवेयर पसल, डिपो तथा अन्य व्यवसायीलाई समेत सडकपेटीमा निर्माण सामग्री र साइनबोर्डलगायत वस्तु तथा सामग्री नराख्न आग्रह गरेको छ। महानगरपालिकाको अनुरोधलाई अटेर गरी तोकिएका क्षेत्रमा यस प्रकतिका व्यवसाय तथा उद्यम सञ्चालन तथा सामग्री राखेको पाइए प्रचलित कानुनबमोजिम कारबाही गरिने महानगर प्रमुख आचार्यले बताउनुभयो।

राजमार्ग र मुख्य सडक क्षेत्रका वर्कसपलगायतका उद्यम हटाउने अभियानलाई साथ दिन पनि महानगरले नगरवासीमा अपिल गरेको छ। "महानगरको यस निर्णय परिपालना गर्ने/गराउने सन्दर्भमा आवश्यक सहयोग तथा सहजीकरण गरिदिनुहुन सम्बन्धित घरधनी, व्यवसायी, नागरिक समाज र स्थानीय प्रशासनलाई अनुरोध गरिन्छ", सूचनामा भनिएको छ।

पोखराका मुख्य बजार क्षेत्रमा ट्राफिक जामको कारक अव्यवस्थित पार्किङसहित मुख्य सडकसँगै जोडिएर खुलेका ग्यारेज र वर्कसपलाई समेत लिइएको छ। जसका कारणले ट्राफिक जामको समस्या भएको तथा बीच सडकमै मर्मत गर्न ल्याइएका सवारीसाधन रोकिनाले सडक साँघुरिँदा जाम भएको बताइन्छ।

## यात्रुलाई अमर्यादित व्यवहार गर्ने ट्याक्सी र चालकलाई विमानस्थलमा प्रवेशमा रोक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा यात्रुमाथि अमर्यादित व्यवहार गर्ने ट्याक्सी र चालकलाई विमानस्थल प्रवेशमा रोक लगाइएको छ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय मंगलबार विज्ञप्ति जारी गरी गत पुस ३ गते यात्रु तथा यात्रु लिन आएका ट्याक्सी चालकसँग अमर्यादित व्यवहार गर्ने पाँचजना ट्याक्सी चालक र ट्याक्सीहरूलाई पुस ८ देखि लागू हुनेगरी एक महिनासम्म विमानस्थलबाट ट्याक्सी सेवा प्रदान गर्न रोक लगाइएको जनाइएको छ। विमानस्थलबाट आफ्नो गन्तव्यतर्फ जाने क्रममा पुस ३ गते विमानस्थलबाट ट्याक्सी सेवा सञ्चालन गरिरहेका ट्याक्सी चालकले यात्रुलाई दुर्व्यवहार तथा अमर्यादित व्यवहार गरेका थिए। चालकहरूको सो व्यवहारसम्बन्धी सामाजिक सञ्जाल (टिकटक)मा अपलोड भएको सामग्री र त्यसको भोलिपल्ट कार्यालयमा आएको निवेदनबारे गम्भीर ध्यानाकर्षण भएको कार्यालयका प्रवक्ता जशोदा सुवेदीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। कार्यालयमा आएको निवेदनपछि विमानस्थलस्थित सुरक्षा गार्ड कार्यालयले घटनाका बारेमा आवश्यक जाँचबुझ तथा छानविन गरेको थियो। प्राधिकरणले विमानस्थलबाट सेवा प्रदान गर्ने सम्पूर्ण चालकहरूले यात्रुसँग नम्र, सभ्य, शालिन एवं मर्यादित व्यवहार गर्ने र सो बमोजिमको व्यवहार नभएको पाइए कानुनअनुसार कारबाही जनाएको छ। यसैगरी राइड सेयरिङ एप इन्ड्राइभ, पठाओजस्ता अनलाइन एपमा आधारित भई सेवा प्रदान गर्ने सवारीसाधनलाई तोकिएको स्थानमा यात्रु छोड्न र नियमानुसारको शुल्क तिरी विमानस्थलको सवारी पार्किङ क्षेत्रमा सवारीसाधन राखी आफ्नो यात्रुलाई लैजान विमानस्थलबाट सेवा प्रदान गर्ने ट्याक्सी चालकहरूबाट कुनै अवरोध नगर्ने/नगराउने निर्णय भएको विज्ञप्तिमा जनाइएको छ।

विमानस्थलको पहुँच मार्गको दायाँबायाँको स्थानमा सवार ीसाधन रोक्दा हुनसक्ने सम्भावित दुर्घटनाहरूलाई कमी गर्न कार्यालयले आफन्त तथा यात्रु पर्खिएर सवारीसाधन नरोक्नसमेत आग्रह गरेको छ। विमानस्थल क्षेत्रभित्र जथाभावी रूपमा सवारीसाधन रोकिएको पाइए कानुनबमोजिम कारबाहीको चेतावनी दिइएको छ। पर्यटकीय सहर पोखरामा विमानस्थलमा ट्याक्सी चालकहरूको मनोमानी हुने गरेका विषयमा पर्यटक तथा यात्रुहरूले पटकपटक प्रशासनको ध्यानाकर्षण गराउँदै आएका छन्।

## राष्ट्रपति रनिङ शिल्डमा तीन हजार विद्यार्थी प्रतिस्पर्धा गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

पोखरामा यही पुस ९ गतेदेखि हुने सोर्ह्रौं राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौं मेयर कप विद्यालय खेलकुद प्रतियोगितामा कूल ४०४ पदकका लागि तीन हजार ३१२ विद्यार्थीले प्रतिस्पर्धा गर्ने भएका छन्। प्रतियोगिताबारे जानकारी दिन यहाँ आयोजित पत्रकार सम्मेलनमा पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदारले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो।

प्रतियोगितामा उसु, कराते, तेक्वान्दो, भलिबल, कबड्डी र एथलेटिक्स विधामा प्रतिस्पर्धा हुने उहाँले बताउनुभयो। भलिबलमा छात्रतर्फ ४५ विद्यालयका ४५० जना र छात्रातर्फ २३ विद्यालयका २३० खेलाडी सहभागी हुनेछन्। कबड्डी छात्रतर्फ २० विद्यालयका २०० जना र छात्रातर्फ ११ विद्यालयका ११० खेलाडी सहभागी बन्नेछन्। एथलेटिक्समा कूल ८४ विद्यालयका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'पूर्ण संस्थागत प्रसूति' अभियानमा अझै चुनौती

**पोखरापत्र संवाददाता**
पोखरा, ८ पुस

स्वास्थ्य सेवामा पहुँचको अभाव, भौगोलिक विकटता तथा चेतनाको कमी जस्ता कारणले गण्डकी प्रदेशका ग्रामीण महिला अझै पनि घरमै सुत्केरी हुन बाध्य छन्। घरमा हुने प्रसूतिलाई शून्यमा झारेर गण्डकीलाई 'पूर्ण संस्थागत प्रसूतियुक्त प्रदेश' बनाउने अभियानमा यसले चुनौती थपेको छ।

गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभूतिसहित शतप्रतिशत महिलालाई संस्थागत प्रसूति गराउने गण्डकी प्रदेश सरकारको लक्ष्य छ। प्रदेशको स्वास्थ्य मन्त्रालयका अतिरिक्त प्रदेश सचिव खिमबहादुर खड्काले ग्रामीण भेगका अझै केही प्रतिशत महिला घरमै सूत्केरी हुने गरेका बताउनुभयो।

"गोरखाको चुमनुब्री, बागलुङको निसीखोला, ढोरपाटनलगायत भौगोलिक रुपमा विकट ठाउँमा अझैपनि घरमै प्रसूति गराउने गरिएको छ", उहाँले भन्नुभयो, "भौगोलिक कठिनाइ र स्वास्थ्य सारक्षताको कमी यसको मुख्य कारक हो, कतिपय ठाउँमा हाम्रो स्रोतसाधनले पनि नभ्याएको अवस्था छ।" तथापि पछिल्ला वर्षमा स्वास्थ्य संस्थामा हुने प्रसूतिको दरमा उल्लेख्य सुधार आएको सचिव खड्काले बताउनुभयो।


पछिल्लो जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडिएचएस)ले गण्डकी प्रदेशमा संस्थागत प्रसूति हुने दर ९६ प्रतिशत देखाएको सचिव खड्काले बताउनुभयो। गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता न्यूनीकरणसँगै स्वास्थ्य सेवा र निगरानीको पहुँच अभिवृद्धि गर्न प्रदेशका ११ वटै जिल्लामा अभियान थालिएको हो। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले भौगोलिक रुपमा विकट र दुरदराजका गाउँमा घरमै प्रसूति गराउने क्रम नरोकिएको बताउनुभयो। "स्वास्थ्य संस्था पुग्न दुई/तीन घण्टा लाग्ने गाउँ छन्, यातायातको सुविधा छैन, त्यस्ता ठाउँका महिला घरमै सुत्केरी हुन बाध्य छन्", उहाँले भन्नुभयो, "सचेतनाको कमीले पनि घरमै प्रसूति गराइएको छ, कतिपय महिलाले आफै पनि अस्पताल जान बेवास्ता गरेको पाइन्छ।" जनस्वास्थ्य निरीक्षक शर्माले घरमै सूत्केरी भएका महिला पहिचान गरी उनीहरूसँग घर भेटघाट गरी सचेत गराउने गरेको सुनाउनुभयो। असुरक्षित रुपमा घरमै प्रसूति गराउँदा आमा र शिशुको ज्यान जोखिममा पर्ने गरेको उहाँको भनाइ छ। गत आर्थिक वर्षमा बागलुङको निसीखोला, ढोरपाटन, काठेखोला र जैमिनी नगरपालिकाका केही महिला घरमै प्रसूति भएको पाइएको जनस्वास्थ्य निरीक्षक शर्माले बताउनुभयो।

"केही स्थानीय तहमा विगत तीन/चार वर्षदेखि घरमा हुने प्रसूति शून्यमा पुगेको देखिन्छ", उहाँले भन्नुभयो, "दुर्गम गाउँमा अझैपनि समस्या छ, स्वास्थ्य संस्था लैंजादै गर्दा बाटोमै सुत्केरी हुनुपर्ने दुःखदायी अवस्था पनि छ।" स्वास्थ्य मन्त्रालयले गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता कम गर्नका लागि गर्भवती दर्ता, अनुगमन तथा निगरानी गर्दै आएको छ। मेडिक मोबाइल परियोजनाको प्राविधिक सहयोगमा मोबाइल एप्समा गर्भवतीका नाम र विवरण दर्ता गरी उनीहरूलाई गर्भ जाँच, परामर्श सेवा, स्वास्थ्य संस्था जानुपर्न मितिसहितको सन्देश मोबाइलमा पठाउने गरिएको छ। 'प्रोटोकल' अनुसार गर्भवतीले आठ पटक गर्भ जाँच र सुत्केरी भइसकेपछि चार पटकसम्म स्वास्थ्य जाँच गराउनुपर्छ।

"प्रसूति हुने अनुमानित मिति पनि मोबाइल सन्देशमार्फत जान्छ", मेडिक मोबाइलका परियोजना अधिकृत नारायण रिजालले भन्नुभयो, "प्रदेशभर यो सेवा सञ्चालनमा छ, अहिले पाँच हजार गर्भवती मोबाइल ट्र्याकिङमा हुनुहुन्छ, अहिलेसम्म १९ हजार बढी गर्भवतीलाई मोबाइल एप्समार्फत निगरानी गरिएको छ।"

गर्भवती पहिचान र सुत्केरी भएपछि ४२ दिनसम्म उनीहरूको विशेष स्वास्थ्य हेरचाह तथा उपचारमा सहज पहुँचको सुनिश्चितता गर्न परियोजनाले प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको उहाँको भनाइ छ। प्रदेशका ११ वटै जिल्लाका स्वास्थ्य संस्था, प्रसूति केन्द्रका स्वास्थ्यकर्मी र महिला स्वयंसेविकालाई गर्भवती दर्ता र निगरानीको तालिम प्रदान गरिएको मन्त्रालयले जनाएको छ। प्रदेशमा रहेका गर्भवतीको सङ्ख्या पहिचान

बाँकी अन्तिम पृष्ठमा ▶▶



# छैटौं टाइगर कप भलिबलमा ३ विदेशी सहित १४ टिम सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, ८ पुस

पोखरामा आउदो माघ ९ गते देखि संचालन हुने छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता-२०८२ मा ३ विदेशी सहित १४ टिमको सहभागिता हुने भएको छ।




टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा माघ १७ गतेसम्म पोखरामा संचालन हुने प्रतियोगितामा महिला तर्फ थाइलायण्डका २ टिम सहित ७ टिम र पुरुष तर्फ भने माल्दिप्स र भारतका गरी ७ टिमको सहभागिता हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । पोखरा रंगशालामा हुने उक्त प्रतियोगितामा महिला तर्फ नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, टिप टप न्यू डायमण्ड युथ स्पोर्ट्र्स क्लब, एभरेष्ट भलिबल क्लब रुपन्देही, युनाइटेड प्यासन भलिबल क्लब थाइल्याण्ड र थाइल्याण्ड क्विन्स सहभागी हुने भएको संस्थाका अध्यक्ष नारायण प्रसाद शर्माले बताउनु भयो ।

त्यस्तै पुरुष तर्फ गण्डकी प्रदेश भलिबल संघ पोखरा, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, पर्वत जिल्ला भलिबल संघ, माल्दिभ्स भलिबल एसोसिएसन र गुजरात भलिबल क्लब भारत सहभागी हुने उहाँले जनाउनु भयो ।

प्रतियोगिताको पुरस्कार राशि यस वर्ष बृद्धि गरिएको संस्थाका सचिव डिबी नेपालीले बताउनु भयो । महिला तथा पुरुष दुवै समूहका विजेता टिमले ६ लाख ६६ हजार ६ सय ६६, उपविजेताले ३ लाख ६६ हजार ६ सय ६६ र तेस्रो हुने टिमले रु १ लाख ६६ हजार ६ सय ६६ प्राप्त गर्नेछन् ।

यस्तै सर्वोत्कृष्ट खेलाडीलाई रु २६ हजार ६ सय ६६ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ भने विधागत उत्कृष्ट खेलाडीलाई रु ११ हजार ६ सय ६६ बराबरको उपहारको व्यवस्था गरिएको छ । प्रतियोगितामा यस वर्ष पहिलो पटक भारत र माल्दिभ्सका अन्तर ाष्ट्रिय भलिबल रेफ्रीहरू सहभागी हुने सहसंयोजक डोलराज पोखरेलले जनाउनु भयो । करिब एक करोड ८० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको प्रतियोगिताबाट बचत भएको रकम स्वास्थ्य, शिक्षा, खेलकुद तथा सामाजिक क्षेत्रमा लगानी गरिने आयोजकले जनाएको छ ।

# पोखरा कलेज अफ म्यानेज्मेण्टको 'स्मार्ट एग्रोप्नरशिप एजुकेशन एण्ड ट्रेनिङ्ग' सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ८ पुस

पोखरा कलेज अफ म्यानेज्मेण्टको आयोजना तथा युनिभर्सिटी ग्राण्ट कमिसनको सहयोगमा एन्टरप्रोनियरशिप सपोर्ट प्रोग्राम अन्तर्गत 'स्मार्ट एग्रोप्नरशिप एजुकेशन एण्ड ट्रेनिङ्ग' कार्यक्रम पोखरामा सम्पन्न भएको छ।




पाँच दिन सम्म चलेको ४० घण्टे कार्यक्रममा व्यवसायिक कृषिका बारेमा तालिमसंगै सैद्धान्तिक पक्षबारे चर्चा भएको थियो। तालिमको छैठौं दिन सोमबार कार्यक्रममा सहभागि ३० विद्यार्थीहरुले आ-आफ्नों कृषि व्यवसायिक योजना प्रस्तुत गरे । तालिममा बिबिए, बिसीआइएसमा सातौं र आठौं सेमेष्टर पढ्दै गरेका तथा पछिल्लो पाँच वर्षका पास आउट विद्यार्थीले सहभागिता जनाएका हुन् । ति मध्येबाट छानिएका उत्कृष्ट पाँच सहभागिले नगद दश-दश हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। पुरस्कृत हुनेहरुमा अञ्जली पौडेल, प्रवास आचार्य, निशान क्षेत्री, दिपिका रिमाल र कृतिका पराजुली रहेका छन् । उनीहरुले विद्यार्थीलाई व्यवसायीक बनाउने उद्धेश्यले यस्तो तालिम आयोजना गरेकोमा कलेजलाई धन्यवाद ज्ञापन गर्दै यो तालिमले आफुहरुलाई व्यवसायीक बन्न हौसला प्राप्त भएको बताए । उनीहरुलाई कलेजका बिसिएस आइटी संयोजक ई.हरि बरालले बधाई संगै शुभकामना व्यक्त गर्नुभयो । कलेजका अध्यक्ष विनोद कायस्थले तालिमका सहभागि विद्यार्थीहरुलाई प्रमाण-पत्र प्रदान गर्नुभयो । तालिममा उत्कृष्ट बनेका पाँच विद्यार्थीहरु काठमाण्डौमा हुने अन्तिम प्रतियोगिताका लागि समेत छानिएका छन् । काठमाण्डौमा उत्कृष्टता हाँसिल गर्ने विद्यार्थीहरुले बढिमा १ करोड सम्मको प्रस्तावमा ४० प्रतिशत सम्म विना व्याज ऋण प्राप्त गर्नेछन् ।

अन्तिम दिन निर्णायक मण्डलमा रहेका पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारी, उद्यमी एवं अनुसन्धानकर्ता रबी भण्डारी, हरिलो एग्रो इण्डष्ट्री प्रालिका सह संस्थापक प्रकाश आचार्य रहनुभएको थियो । रिसर्च मेनेज्मेण्ट कमिटि संयोजक डा.अर्जुन सिग्देलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# बूढीगण्डकी जलविद्युत् आयोजना 'क' र 'ख' निर्माणको तयारी

पोखरापत्र संवाददाता
गोरखा, ८ पुस

गोरखामा बूढीगण्डकी जलविद्युत् आयोजना 'क' र 'ख' बन्ने तयारीमा छ।

एक सय ३ दशमलव ४ मेगावाट क्षमताको बूढीगण्डकी 'क' र २२६ मेगावाट क्षमताको बूढीगण्डकी 'ख' जलविद्युत् आयोजना बन्ने तरखरमा रहेको आयोजनाका इञ्जिनियर दुर्गेश मगरले बताउनुभयो। उहाँका अनुसार दुवै आयोजना नौलो नेपाल हाइड्रो इलेक्ट्रिक कम्पनी प्रालिले प्रवर्द्धन गर्न लागेको हो।

कम्पनीले रु ३१ अर्ब ३२ करोडको लागतमा बूढीगण्डकी 'क' र रु ५६ अर्ब ९९ करोडको लागतमा बूढीगण्डकी 'ख' आयोजना निर्माण गर्न लागेको इञ्जिनियर मगरले जानकारी दिनुभयो । बूढीगण्डकी 'क' अन्तरगत, धार्चे-३ को लुस्याङमा बाँध बाँधेर चार किलोमिटर सुरुङबाट पानी ल्याई माछाखोलामा विद्युत् गृह निर्माण गर्ने योजना कम्पनीको छ। आयोजना रन अफ द रिभर प्रविधिको हुनेछ। एक सय ११ मिटर अग्लो सतहबाट पानी खसालेर विद्युत् उत्पादन गरिने इञ्जिनियर मगरले बताउनुभयो । सो आयोजनाको माछाखोलामा उत्पादित विद्युत् १२ दशमलव ७ किलोमिटर ट्रान्समिसन लाइन हुँदै बूढीगण्डकी ख मा जोडिनेछ।

दुई सय २६ मेगावाट क्षमताको बूढीगण्डकी 'ख' को बाँध धार्चे-७ खानीबेंसीमा बाँधिनेछ। त्यहाँबाट ९ दशमलव ५ किलोमिटर सुरुङ हुँदै सोतीमा विद्युत् गृहमा विद्युत् उत्पादन गरिनेछ। रन अफ द रिभर प्रविधिको सो आयोजनामा १९७ दशमलव ९७ मिटर अग्लो सतहबाट पानी खसालेर विद्युत् उत्पादन गरिने इञ्जिनियर मगरले बताउनुभएको छ । "यी दुवै आयोजनाको इआइ र पिपिए भइसकेको छ", उहाँले भन्नुभयो, "भूकम्पअघि गरेका दुवै आयोजनाको सर्वेमा भूकम्पको प्रभावपछि भएको हेरफेरको अवस्थाबारे अहिले अन्तिम सर्वेको काम भइरहेको छ। आउँदो सुक्खायामबाट निर्माणको काम गर्ने तयारी छ।" यहाँ उत्पादन भएको र बूढीगण्डकी क बाट प्राप्त भएको गरी ३२९ दशमलव ४ मेगावाट विद्युत् १८ दशमलव ५ किलोमिटर टाढा धादिङको लापास्थित सवस्टेशनमा जोडिने छ।

# पूर्ण संस्थागत ...

गरी उनीहरूलाई स्वास्थ्य संस्थामा पुगेर तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने वातावरण सिर्जनाका लागि अभियान सञ्चालन गरिएको हो । स्वास्थ्यकर्मीले घरघरै गएर गर्भवती दर्ता गर्ने, विवरण ल्याउने र गर्भ जाँचका लागि स्वास्थ्य संस्था गए/नगएको अनुगमन गर्ने गरेका छन् ।

स्वास्थ्य सेवामा सबै पहुँच विस्तार, प्रसूति केन्द्रको सबलीकरण, सचेतना अभिवृद्धि, स्वास्थ्यकर्मीलाई तालिम, उपकरणसहित प्रयाप्त स्रोतसाधनको प्रबन्ध गर्न सके छिट्टै गण्डकी प्रदेशलाई 'पूर्ण संस्थागत प्रसूतियुक्त प्रदेश' घोषणा गर्न सकिने स्वास्थ्यकर्मी बताउँछन् ।

शिशु र मातृमुत्युदर घटाउन मन्त्रायले संस्थागत सुत्केरी प्रवर्द्धन, 'सिमुलेसन बेस्ड मेन्टरसिप' कार्यक्रम, रणनीतिक स्थानमा प्रसूति प्रतिक्षा गृह र ग्रामीण भेगमा अल्ट्रासाउण्ड सुविधा विस्तार गर्ने योजना ल्याएको छ। राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार गण्डकीमा प्रति एक लाख जीवित जन्ममा मातृ मृत्यु एक सय ६१ रहेको छ । मातृ मृत्युदर हेर्दा ग्रामीण भेगका महिला अझैपनि असुरक्षित तवरले घरमै सुत्केरी हुने गरेको देखिन्छ।

# राष्ट्पति ...

छात्रतर्फ ३७० जना र छात्रातर्फ २६५ जनाले प्रतिस्पर्धा गर्नेछन् । करातेमा ४१ विद्यालयका ६४ छात्र र ७० छात्राले प्रतिस्पर्धा गर्नेछन् । तेक्वान्दोतर्फ २६ विद्यालयका ४८ छात्र र ५० छात्राले सहभागिता जनाउनेछन्। उसुतर्फ २१ विद्यालयका ४० छात्र र ६५ छात्राले प्रतिस्पर्धा गर्नेछन् । पोखरा महानगरपालिका शिक्षा महाशाखाका अधिकृत सोमनाथ भण्डारीका अनुसार महानगरपालिकामा रहेका झण्डै २६० विद्यालयमध्ये १८० भन्दाबढी विद्यालयको विभिन्न खेलमा सहभागिता रहने जानकारी गराउनुभयो।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2025-2026**

1. Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/ maintenance works of EoI, PPO Pokhara :-
   1.1 Replacement of CGI sheet and false ceiling of DSB office of EoI, PPO Pokhara.
   1.2. Upgradation of Kitchen of North Guest House of EoI, PPO Pokhara.
   1.3 Renovation of dining hall, kitchen, quadrangle, railing and varandah tiling of South Guest House of EoI, PPO Pokhara.
   1.4. Renovation of Boundary wall of South Guest House of EoI, PPO Pokhara.
   1.5 Repair/ maint and resurfacing of road inside PPO complex.
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 05 Jan 2026 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240 / 061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &
Officer-in-Charge
Embassy of India
Pension Paying Office
Rambazar, Pokhara (Nepal)**

prime TILES

**VACANCY ANNOUNCEMENT**

## AREA SALES MANAGER
MANUFACTURING

JOB TYPE: FULL TIME
SALARY: NEGOTIABLE
LOCATION: POKHARA
PREFERRED EXPERIENCE: 1–2 YEARS OF EXPERIENCE IN A RELATED FIELD

**JOB DESCRIPTION**
. Execute sales strategies to achieve and surpass sales targets.
. Develop and maintain strong relationships with clients, addressing their needs and ensuring customer satisfaction.
. Identify new business opportunities by researching market trends and customer needs.
. Provide product knowledge and guidance to customers to support their decision-making process.
. Prepare sales reports and forecasts by analyzing data to enhance sales strategies.
. Collaborate with the marketing team to create effective promotional campaigns.
. Negotiate contracts and sales agreement terms with clients.
. Prepare daily sheets to maintain records of payments collected.
. Stay updated on industry trends, competitors, and market conditions to adapt sales approaches accordingly.
. Create and present sales reports through presentations and written reports.
. Coordinate and communicate with the accounts team to dispatch invoices and transaction statements to clients.

**JOB SPECIFICATION:**
. Proven experience in sales, preferably in the tiles, construction materials, hardware, or sanitary ware industry.
. Strong communication and negotiation skills.
. Excellent understanding of sales techniques and strategies.
. Ability to manage multiple tasks, meet deadlines, and work collaboratively within a team environment. Flexible and adaptable, with high attention to detail, strong negotiation and communication skills, and the ability to solve problems effectively.

**INTERESTED CANDIDATES MAY APPLY WITHIN SEVEN DAYS BY SENDING THEIR APPLICATION TO THE EMAIL ADDRESS MENTIONED BELOW.**

**PRIME CERAMICS PVT. LTD.**
CORPORATE OFFICE | Level 4, Saket Complex | Tripureshwor, Kathmandu, Nepal
01-5918860 | hr@primeceramics.com.np

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

◆आगो तथा हीटर नजिकबाट नतापों।
◆कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
◆कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
◆आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
◆बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
◆बालबालिका, वृद्ध वा विरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
◆ घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
◆ आगो. हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव धिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्थानीयवासीलाई गाउँमै टिकाउन राम्चेडाँडालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरिँदै

पोखरापत्र संवाददाता
वालिङ, ८ पुस

स्याङ्जाको वालिङ नगरपालिका-१२ स्थित राम्चेडाँडा पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको छ।

पहाडको टाकुरोमा अवस्थित समथर र केही भिरालो खुला चौर रहेको सो स्थानबाट स्याङ्जा, पर्वत, गुल्मी, पाल्पा, कास्की जिल्लाका केही स्थान देखिन्छ । साथै उत्तरतिर हिउँले ढाकिएका माछापुच्छे, अन्नपूर्ण, नीलगिरि, धवलागिरिलगायत मनमोहक हिमशृङ्खलाहरूको दृश्यावलोकन गर्न पाइने भएकाले पनि राम्चेडाँडा आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको हो। रमणीय ठाउँ रहेकाले यस ठाउँलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नेगरी पूर्वाधार निर्माण गर्ने काम भइरहेको वालिङ-१२ वडाध्यक्ष विश्वजङ्ग गुरुङले जानकारी दिनुभयो।



विभिन्न समयमा वडा, नगर, प्रदेश तथा सङ्घबाट यस ठाउँमा पर्यटन पूर्वाधार निर्माणका लागि बजेट विनियोजन भइ काम भइरहेको उहाँले बताउनुभयो । "गाउँका मानिसहरू सहरकेन्द्रित बसाइँ सर्ने दर दिनप्रतिदिन बढ्दै गएकाले गाउँका मानिसलाई गाउँमै राख्न र आम्दानीसित जोड्ने उद्देश्यसहित राम्चेडाँडालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्दै लगेका छौँ", उहाँले भन्नुभयो । यहाँ आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नका लागि वडा, नगर, प्रदेश, सङ्घ तथा स्थानीयको व्यक्तिगत सहयोग तथा जनश्रमदानबाट भवन, प्रतीक्षालय, चौपारी निर्माण,ससाना बालबालिकादेखि सबैलाई हुने खालका पिङ, शौचालय निर्माण गरिएको छ।

वडाध्यक्ष गुरुङका अनुसार राम्चेडाँडामा सरकारी बजेट र २०७९ सालदेखि हालसम्म स्थानीय समुदाय तथा सहयोगदाताको सहयोगसहित झण्डै रु ४५-५० लाख खर्च भइसकेको छ । राम्चेडाँडा पर्यटकीय दृष्टिले प्रचुर सम्भावना बोकेको स्थान भए पनि प्रचारप्रसार अभावमा यो ठाउँ ओझेलमा परेको छ। यस ठाउँको प्रचारप्रसार गर्न सकेको खण्डमा अझै पर्यटक घुम्न तथा वनभोज खानका लागि यहाँ आउने थिए।

यस ठाउँमा वनभोज खानका लागि विशेषगरी बिदाका दिनमा विद्यालय, सङ्घसंस्था, समूह तथा क्लबहरू आउने गरेका छन् । वनभोज खानका लागि आउनेहरूको सहजतालाई मध्यनजर गरी यहाँ खानेपानीका धारा, बिजुली बत्ती, पकाउनेदेखि लिएर खानेसम्मका सबै भाँडाकुँडा, ग्यास, दाउराको व्यवस्था स्थानीय भाउजु समूहले गरिदिने सृजना भाउजु समूहकी अध्यक्ष भागिमा गुरुङले बताउनुभयो।

उहाँका अनुसार यस ठाउँमा वनभोज खानका लागि टोलीटोली आउनुहुन्छ । कतिपयले आफैँ भाँडाकुँडा, ग्यास लिएर आउनुहुन्छ त कतिले भने यहीँ हाम्रै भाँडाकुँडा तथा ग्यास प्रयोग गर्नुहुन्छ । राम्चेडाँडा नजिकै गुरुङ समुदायको बस्ती रहेको छाप गाउँ छ।

विशेषगरी दसैँतिहार, अन्य बिदा तथा शुक्रबार र शनिबारका दिनहरूमा वनभोज खाने र दृश्यावलोकनका लागि मानिसहरू जाने गरेका छन् । राम्चेडाँडामा कच्ची सडक पुगेकाले जीप तथा मोटरसाइकलमार्फत पुग्न सकिन्छ। केही दिनअघिमात्र राम्चेडाँडा पुग्नुभएका वालिङ-८ का जीवलाल काफ्लेले उक्त ठाउँ निकै आकर्षक र दृश्यावलोकनका लागि उपयुक्त रहेको बताउनुभयो । "राम्चेडाँडा पुगेर आएकाहरूले त्यहाँका बारेमा भनेको सुनेको थिएँ", उहाँले भन्नुभयो, "कहिले जाम्ला र देख्न पाइएला भन्ने थियो त्यहाँ गएपछि त साँच्चिकै राम्रो र आकर्षक लाग्यो ।" पछिल्लो समय राम्चेडाँडामा पूर्वाधार निर्माणसँगसँगै आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ।

# जीवन्त सङ्ग्रहालय निर्माण गर्न महोत्सव

पोखरापत्र संवाददाता
तनहुँ, ८ पुस

तनहुँको व्यास नगरपालिका-१२ गोल्लामा खुला जीवन्त सङ्ग्रहालय निर्माण हुने भएको छ । नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् तनहुँले 'भानु घाँसी ग्राम' नामकरण गरी अगाडि बढाइएको छ।

आदिवासी जनजातिको मात्रै संस्कार, संस्कृति नभई सम्पूर्ण जिल्लावासीको समुदायको जन्म, विवाह, मृत्युसम्मको संस्कारको पहिचान झल्कने गरी सङ्ग्रहालयमा प्रस्तुत गर्नसक्ने भानु घाँसी ग्राम निर्माण समिति संयोजक हरिसिं गुरुङले जानकारी दिनुभयो । "तीन प्रकारको सङ्ग्रहालयमध्ये तनहुँमा खुला जीवन्त सङ्ग्रहालय निर्माण गर्न लागिएको हो । संस्कार, संस्कृति पुस्ता हस्तान्तरणको कार्यका निम्ति जीवन्त सङ्ग्रहालय आवश्यक छ", उहाँले भन्नुभयो, "विभिन्न जातजातिको एकैठाउँमा संस्कार, कला, संस्कृति बुझाउनेछ।"

अठ्ठाइसौँ कृष्ण द्वैपायनको अवतरण भूमि व्यास परासर क्षेत्र, ऐतिहासिक क्षेत्र तनहुँसुर र राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जीवन्त सङ्ग्रहालयमा समेटिने संयोजक गुरुङले बताउनुभयो । सम्पूर्ण जातजातिको संस्कार, कला, संस्कृति पुस्ता हस्तान्तरणमा महत्वपूर्ण भूमिकामा सङ्ग्रहालयको रहने उहाँको भनाइ छ। सङ्ग्रहालय निर्माणसँगै गाउँ, बस्ती विस्तारका लागि विभिन्न समुदायको सहयोग रहनेगरी गुरुयोजना निर्माण गरिएको छ।

आदिवासी जनजाति आयोगले ल्याएको अवधारणाअनुसार गण्डकी प्रदेशको तनहुँमा बनाउने तय भएको संयोजक गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जन्मँदा, मर्दापर्दा सबै संस्कार, कलासंस्कृति पुस्ता हस्तान्तरणमा सहयोग पुग्नेछ । जुन जातिको बस्ती जहाँ बाक्लो छ सोही बस्तीलाई विकास गरी गाउँ निर्माण गरिनेछ।" करोडौँको खर्च लाग्ने भए पनि ४० प्रतिशत जातीय सङ्गठन रहेकाले सोमार्फत नै निर्माणमा सहयोग पुग्ने र बाँकी विभिन्न निकायको सहयोगमा निर्माण हुने संयोजक गुरुङले बताउनुभयो । एक रोपनी नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँको जग्गा रहेको र सोही जग्गासँग जोडिएको ऐलानी जग्गा लिएर खुला जीवन्त सङ्ग्रहालय निर्माण गरिने नेपाल आदिवासी जानजाति महासङ्घ तनहुँका अध्यक्ष एवं महोत्सव मूल समारोह समितिका संयोजक सनम तामाङले जानकारी दिनुभयो। यही पुस २४ देखि माघ ५ गतेसम्म छैठौं आदिवासी जनजाति महोत्सवबाट सङ्कलित रकममध्ये रु १५ लाख बचत गरी सङ्ग्रहालय निर्माणको शुभारम्भ गरिने उहाँले बताउनुभयो।

'भाषा, लिपि, धर्म, संस्कृति, सभ्यताको जगेर्ना र हस्तान्तरणमा ऐक्यबद्धता ! खुला जीवन्त सांस्कृतिक सङ्ग्रहालय निर्माण पर्यटन विकासमा प्रतिबद्धता !' नाराका साथ छैठौं आदिवासी जनजाति तनहुँ सांस्कृतिक एवं पर्यटन महोत्सव गर्न लागिएको हो । प्रविधिको युगमा चलेका पुस्तालाई मानिससँग सम्बन्धित सम्पूर्ण प्रचलन एकै स्थानमा आभास दिलाउने गरी महोत्सवको बचतबाट दीर्घकालीन गुरुयोजना बनाएर अगाडि बढेको महासङ्घले जनाएको छ।

# कोरला नाका सञ्चालन भएपछि स्थानीयलाई रोजगारी

पोखरापत्र संवाददाता
मुस्ताङ, ८ पुस

नेपाल-चीन उत्तरी कोरला नाका पूर्णरुपमा सञ्चालनमा आएपछि विगत दुई वर्षदेखि माथिल्लो मुस्ताङका स्थानीयले रोजगारी प्राप्त गरेका छन्। कोरला नाकास्थित नेपालतर्फको दशगजा क्षेत्र र कोरलास्थित चीनतर्फ लिजी बजारमा माथिल्लो मुस्ताङीले व्यापार व्यवसाय सञ्चालन गरिरहेका छन्।



यो नाका विसं २०८० कात्तिक २७ गतेदेखि खुला गरिएको थियो । त्यसअघि माथिल्लो मुस्ताङका नागरिकहरु कृषि पशुपालन र घरायसी कामधन्दामा सीमित थिए। सो नाका माथिल्लो मुस्ताङका नागरिकहरुका लागि मात्रै खुल्ला हुँदै आएकामा सरकारले अन्तरदेशीय व्यापारिक मार्गको रुपमा गत ३० भदौमा पूर्णरुपमा खुला गरको हो । लोमान्थाङ-२ किम्लिङका स्थानीय लिन्डुप गुरुङ कोरला नाकामा त्रिपाल टाँगेर व्यापार गरिरहनुभएको छ। नाका नखुल्दा कृषि र पशुपालनमै सीमित गुरुङले कृषि र पशुपालनलाई थाती राखेर व्यापार गर्न थाल्नुभएको बताउनुभयो । यहाँ त्रिपाल टाँगेर व्यापार गर्ने करिव ८०/९० जना मध्ये हाल धेरैजसो जाडो छल्न बैंसी झरिसकेका छन्। यो नाका समुन्द्री सतहदेखि चार हजार ६१० मिटरको उचाइमा अवस्थित छ। नाकामा चिसोका कारण पर्यटकीय रौनक घटेपनि नाका बन्द नहुने जनाइएको छ । नाकामा व्यापार गर्नेहरुले आन्तरिक रुपमा ब्यापार व्यवसाय चलाउने आन्तरिक नियम बनाएका छन्।

पर्यटकहरुलाई चिनिया उत्पादन बिक्री गर्न आलोपालो व्यापार गर्ने सहमति छ। त्रिपाल टाँगेर व्यापार गर्नेहरुका लागि एक जीप बराबर दुई जना ब्यापारीले ब्यापार गर्न पाउने र चार वटा मोटरसाइकल आएमा एक जीप बराबर दुई जनाले व्यापार गर्न पाउने नियम बनाएको स्थानीय ब्यापारी लिन्डुप गुरुङले जानकारी दिनुभयो। नाकामा तीन सय जना भन्दा बढीले व्यापार व्यवसाय सञ्चालन गरेका छन्। यहाँ एक सय बढी युवाले लोड अनलोड र विद्युतीय गाडी तथा मालवाहक कन्टेनर भित्र लाने ल्याउने काम पाएका छन्। ती युवाहरुले दैनिक पाँचदेखि १० हजारसम्म आम्दानी गर्छन्।

# माथिल्लो मुस्ताङमा जाडो थेग्न गुइँठाको भर

पोखरापत्र संवाददाता
मुस्ताङ, ८ पुस

माथिल्लो मुस्ताङको तापक्रम माइनस २० डिग्रीसम्म पुग्छ । हिउँदयामको समय माथिल्लो मुस्ताङको जनजीवन चिसोका कारण प्रभावित बनेको छ। माथिल्लो मुस्ताङमा हिउँदयामको जाडो छल्न अधिकांश नागरिक बेंसी झरिसकेका छन्। केही व्यक्ति घरकुरुवा र पशुचौपायाको रेखदेखमा बसेका छन्।

हिउँदयाममा माथिल्लो मुस्ताङका अधिकांश नागरिक जाडो छल्न बेंसी झरिसकेपछि यतिबेला लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका ग्रामीण बस्ती सुनसान बनेका छन्। हिउँदयामको मौसममा बेंसी नझरी गाउँमै बसेका स्थानीय नागरिकलाई चिसो थेग्न मुश्किल परेको छ। विद्युत् र सञ्चार सेवा अनियमित हुनु, चिसोका कारण घरका धारा, सेफ्टी ट्याङ्की चिसो भइ बरफ बनेर जम्न थालेपछि स्थानीयको दैनिकीमा प्रतिकूल असर पुऱ्याएको छ। चिसोका कारण गाउँमा बसेका स्थानीयको स्वास्थ्यमा असर पुऱ्याउनसक्ने जोखिम छ। माथिल्लो मुस्ताङका नागरिकले हिउँदयामको जाडो थेग्न गुइँठाको साहारा लिन थालेका छन्। सुक्खा पठार माथिल्लो मुस्ताङमा वनजङ्गल नहुँदा दाउराको समस्या छ । बर्खायाममा विद्युत् र ग्यासको प्रयोग हुने भए पनि त्यहाँका नागरिकले पशुचौपायाको गोबरलाई गुइँठा बनाएर ऊर्जाका रुपमा प्रयोग गर्दै जाडो कटाउने गर्छन्। लोमान्थाङ-३ ठिङ्गरका पासाङ गुरुङले माथिल्लो मुस्ताङमा बर्सेनि एक बालीमात्रै खेतीपाती हुने भएको पशुचौपायाको गोबरलाई गुइठा बनाएर ऊर्जाका रुपमा प्रयोग गर्ने प्रचलन रहेको जानकारी दिनुभयो। यहाँका खेतबारीमा चाहिने पशुचौपायाको गोबर मल बढी हुने भएकाले घाममा सुकाएर गुइँठा बनाएर आगो ताप्ने, पानी तताउने र खानेकुरा पकाएर खान प्रयोग गर्ने गरिएको जानकारी दिनुभयो । माथिल्लो मुस्ताङमा ठूलो सङ्ख्यामा स्थानीय नागरिकले याकचौँरी र भेडाच्याङ्ग्रापालन व्यवसाय गर्ने गरेका छन् । यिनै याकचौँरी र भेडाच्याङ्ग्राको गोबरलाई स्थानीयले लगातार घाममा सुकाएर गुइँठा तयार गर्ने गर्छन्। यद्यपि यो प्रचलन माथिल्लो मुस्ताङमा सदियौँदेखि निरन्तर चल्दै आइरहेको छ।माथिल्लो मुस्ताङमा याकचौँरीको गोबर र भेडाच्याङ्ग्राको जुतोलाई लगातार घाममा सुकाएर गुइँठा तयार गरेपछि बोराभित्र भण्डारण गरी राखिन्छ। यसरी राखिएको गुइँठालाई आवश्यकताअनुसार ऊर्जाका रुपमा प्रयोग गर्ने गरिएको लोमान्थाङ-२ किम्लिङका ढिन्डुक गुरुङले उल्लेख गर्नुभयो । यहाँका पशुचौपायाको गोबरबाट तयार गरिएको गुइँठा दाउराभन्दा राम्रो खपत हुने भएकाले जाडो महिनामा आगो ताप्न र खानेकुरा पकाएर खान इन्धनका रुपमा प्रयोग गर्न सहज भएको गुरुङको भनाइ छ। खेतबारी र चरन क्षेत्रमा खेर गइरहेका पशुचौपायाको आलो गोबर सङ्कलन गरी स्थानीयले गुइँठा बनाउँछन् । यसरी यहाँ गुइँठालाई ऊर्जाका रुपमा प्रयोग गर्न थालिएपछि दाउराको विकल्पमा गुइँठा भरपर्दो माध्यम बनेको हो। माथिल्लो मुस्ताङमा गुइँठाको प्रयोगले विद्युत् र ग्यासको खपत कम गरी आर्थिक बचतमा योगदान पुऱ्याएको छ।

# व्यावसायिक कृषिमा रमाउँदै ढकाल परिवार

पोखरापत्र संवाददाता
पोखरा, ८ पुस

रोजगारीका लागि युवाहरू विदेश पलायन भइरहेका बेला तनहुँको शुक्लागण्डकी नगरपालिका-१ तल्लीपोखरी नयाँगाउँका दिनेश ढकालको परिवारले व्यावसायिक कृषि फार्म सञ्चालन गरेका छन्।

दिनेशसहित उहाँका बुबा पिताम्बर, आमा ताराका साथै श्रीमती सदिक्षालगायत व्यावसायिक कृषिमा होमिनुभएको छ। डिटिपिएस नामक कृषि फार्म दर्ता गरी उहाँहरुले व्यावसायिक कृषि सुरु गर्नुभएको हो । परिवारमा एक अर्काको साथ र सहयोगले सफलता हासिल गरेको उहाँहरूको भनाइ छ।



ढकाल परिवारले २०४० सालदेखि गर्दै आएको परम्परागत सुन्तला खेतीसँगै २०७४ सालदेखि कृषि फार्म मार्फत दर्ता गरी सुन्तला खेतीका अतिरिक्त कालिजपालन, अदुवा र अकबरे खुर्सानी खेती गर्दै आएका छन्। उहाँहरूले आफू बाहेक अन्य तीन जनालाई प्रत्यक्ष रोजगारी दिनुभएको छ । उहाँहरूको सुन्तलाखेती हाल १४ रोपनी क्षेत्रफलमा फैलिएको छ। सुन्तला खेतीबाटै वार्षिक पाँच/छ लाख रुपैयाँसम्म आम्दानी हुने दिनेशले बताउनुभयो । उहाँको फार्ममा साना ठूला गरी एक हजार बोट रहेकामा करिब २५० बोटमा सुन्तला फलेका छन्। राम्रो फल्ने एउटै बोटमा २० क्रेटसम्म फल्ने गरेको छ। ढकाल परिवारले सात वर्ष अघि सुरु गरेको व्यावसायिक कालिजपालन पनि फस्टाउँदै गएको छ । फार्ममा हाल १३ हजारको सङ्ख्यामा कालिज छन् । तीन वर्षअघि जापान जाने सोचमा रहेकामा कालिज फस्टाउँदै गएपछि विदेश जाने मोह त्यागेको दिनेशले बताउनुभयो।

प्रति कालिज भाले दुई हजार ५०० र पोथि एक हजार ५०० रुपैयाँमा बिक्री हुनेगरेको छ । सुरुमा २०७६ सालमा एक सयको सङ्ख्याबाट उहाँले कालिजपालन सुरु गर्नुभएको थियो । "व्यावसायिक कालिजपालनमा धेरै सम्भावना छ, स्वदेशभित्र मात्र नभइ चीन, दुबइ जस्ता देशमा कालिजको माग धेरै छ", उहाँले भन्नुभयो, "कालिजपालनमा राज्यले प्रोत्साहन गर्ने होभने यही व्यवसायबाट मैले १५० जनासम्मलाई रोजगारी दिन सक्छु ।" तीन वर्षयता सुन्तला बगानभित्र अकबरे खुर्सानी तथा अदुवा खेती पनि गर्दै आउनुभएको छ। अकबरे खुर्सानी वार्षिक छ/सात क्वीन्टलसम्म उत्पादन हुने गरेको जानकारी दिँदै ढकालले प्रतिकेजी होलसेलमा २५० रुपैयाँदेखि खुद्रा ४०० रुपैयाँसम्ममा बिक्री गर्ने गरेको बताउनुभयो । उहाँहरूले अकबरे खुर्सानीबाट वार्षिक तीन लाख रुपैयाँसम्म आम्दानी गर्ने गर्नुभएको छ। सुन्तलाखेती, कालिजपालन, अकबरे खुर्सानी, अदुवासहित कूल २८ रोपनी क्षेत्रफलमा फार्म फैलिएको छ । व्यावसायिक कृषिमा राज्यको भने साथ र सहयोग आवश्यक हुने बताउँदै ढकालले आफूहरूले लामो समयदेखि फार्म सञ्चालन गरे पनि राज्यका तर्फबाट हालसम्म प्राविधिक सहयोग पाउन नसकेको दुःखेसो गर्नुभयो । "प्राविधिक सहयोगका लागि आग्रह गर्दै फर्ममा आइदिनका लागि पटक पटक फोन गरे पनि सम्बन्धित निकायले चासो नदिएको मेरो अनुभव छ", उहाँले भन्नुभयो, "केही गर्छु भन्नेलाई राज्यका तर्फबाट प्रोत्साहन नभएमा युवाहरूलाई आकर्षित गर्न सकिन्छ।"


## श्री गुराँसे सामुदायिक वन उपभोक्ता समुह
## मादी-९ गहते, कास्की

## लिलाम बिक्री सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०९/०९ गते

यस समूहले आ. व. २०८१/०८२ मा स्वीकृत वन कार्ययोजना अनुसार संकलन गरेको काठ, दाउरा मध्ये उपभोक्ता समूहमा आन्तरीक खपत भई बाँकी रहेको काठ, दाउरा समूह बाहिर विक्री वितरण गर्न उपभोक्ता समूहको कार्य समितिको मिति २०८२/०३/०४ को बैठकबाट निर्णय गरी समूहको च. नं. १३, मिति २०८२/०३/०५ को पत्रबाट सहमति माग गरेको र सव डिभिजन वन कार्यालय मादी, कास्कीको च. नं. ४८, मिति २०८२/०३/०८ को पत्रबाट समेत सिफारीस भई आएकोले संलग्न नापी लगत विवरण अनुसार डिभिजन वन कार्यालय कास्कीले तपसिलमा उल्लेखित प्रजाति, थान र आयतनको काठ समूह बाहिर लिलाम विक्री गर्न सहमति दिएकोले प्रचलित ऐन, नियमावली एवं सामुदायिक वनको स्वीकृत कार्ययोजनामा भएको प्रावधान अनुसार लिलाम विक्री गर्न उत्पादित घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, सस्था, फर्म, वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ।

तपसिल

| सि.नं. | वन पैदावारको विवरण | ग्रेड | लिलाम बिक्री थान दाउरा | लिलाम बिक्री काठ घन फिट | चट्टा |
|---|---|---|---|---|---|
| १. | साल गोलिया | ए | १७ | २१०.७१ | ०.० |
| २. | साल गोलिया | बी | ४६ | ३३०.०८ | |
| ३. | साल गोलिया | सी | ११५ | ४७२.५८ | |
| ४. | साल गोलिया | डी | ६ | १४.४७ | |
| | | जम्मा | १८४ | १०२७.८४ | |